# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं ।

## टोखा नगरपालिकाको Digital नगर प्रोफाईल बनाउनको लागि आवश्यक आशयपत्र आह्वान

*(प्रथम पटक प्रकाशित मिति : २०७५/१२/२०)*

टोखा नगरपालिकाको (सबै वडा सहितको) नगर प्रोफाईल बनाउने प्रयोजनको लागि यस कार्यालयबाट स्वीकृत भएको (TOR) को परिधिभित्र रहि कार्य गर्न प्राविधिक सहयोग एंव परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा अनुभव हासिल गरेका प्रचलित कानून बमोजिमका परामर्श दाताहरुबाट तोकिएको ढाँचामा देहाय बमोजिमको विवरण खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आशय पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आशयपत्रको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न वा कार्यालयको वेबसाईट www.tokhamun.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

२. ईच्छुक योग्यता पुगेका परामर्शदाताले तोकिएको ढाँचामा आशयपत्र निम्नानुसारको कागजात सहित पेश गर्नु पर्नेछ :

क. आशयपत्र पेश गर्ने सम्बन्धि आवेदन ।

ख. आशयपत्रको विस्तृत विवरण (दर्ता, नविकरण, मु.अ.कर दर्ता र कर चुक्ता प्रमाण पत्र) ।

ग. आशयपत्र दर्तावालाको प्रोफाईल तथा कामको अनुभव ।

घ. आशयपत्र दर्तावालाको भौतिक पुर्वाधार तथा उपकरणको विवरण ।

ङ. आशयपत्र दर्तावालाको ठेगाना ।

च. आशयपत्रवाला कालोसूचिमा नपरेको स्वघोषित पत्र ।

छ. आशयपत्रवाला एकल परामर्शदाताको हकमा विगत ४ वर्षको र दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समूह, संगठन वा संयुक्त (J/V) उपकरणको रुपमा परामर्श सेवा दिनेको हकमा विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको वैयक्तिक विवरण ।

ज. आशयपत्रवालाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको विवरण ।

झ. आशयपत्र दाताको योग्यता TOR मा उल्लेख भए बमोजिम हुनेछ ।

३. ईच्छुक आशयपत्र दाताले आशयपत्र सम्बन्धि कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संम्लग्न गरी शिलबन्दी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरी यस कार्यालयमा पेश गर्न' पर्नेछ । रीत नपुगेको, म्याद नाघी आएको, सहिछाप र सिलबन्दी नभएको र कुनै शर्त उल्लेख भई आएको तथा यस सूचना सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको आशयपत्र उपर कुनै कार्वाही हुने छैन ।

४. आशयपत्र आवेदनको सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा आशयपत्र दर्ता भई सक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोहि दिनको १:०० बजे यस कार्यालयको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । आशयपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए तापनि आशयपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन कार्यालय विदा पर्न गएमा सो को भोलिपल्ट गरिनेछ ।

५. आशयपत्र दाताको आधिकारीक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक तथा मानवीय संसाधनको अवस्था समेतलाई आधार मानी प्रचलित कानून बमोजिम संक्षिप्त सूचि तयार गरिनेछ ।

६. आशयपत्र मूल्याङ्कनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरी मूल्याङ्कनको माथिल्लो श्रेणीमा रहेका कम्तीमा ३ देखि ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि आमन्त्रण गरिनेछ ।

७. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ । संयुक्त उपक्रमका लागि आशयपत्र पेश गर्न ईच्छुक आवेदकले आशयपत्र पेश गर्दा मुख्य भई काम गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा गर्ने सम्बन्धि सम्झौताको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

८. यस आशयपत्र आह्वान सम्बन्धि सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

९. स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत